# मूल्य श्रृखंलामा आधारित दुई बाली धान उत्पादन कार्यक्रम सम्बन्धी प्राविधिक मापदण्ड तथा संचालन विधि २०७९

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" (प्रदेश मन्त्रीपरिषद, निर्णय मिती २०७६/०९/१३) को दफा ४ को उपदफा २ बमोजिम श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रिस्तरीय निर्णय) वाट तत्काल लागू हुने गरी यो मापदण्ड तथा संचालन विधि स्वीकृत गरिएको छ।

(१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस प्राविधिक मापदण्ड तथा संचालन विधि नाम," मूल्य श्रृखंलामा आधारित दुई बाली धान उत्पादन कार्यक्रम सम्बन्धी प्राविधिक मापदण्ड तथा संचालन विधि २०७९" रहेकोछ।

(२) यो प्राविधिक मापदण्ड तथा संचालन विधि मन्त्रालयवाट स्वीकृत भएको मितीवाट लागु हुनेछ।

(२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

**क) लाभग्राहीः** "लाभग्राही" भन्नाले कृषिजन्य उत्पादन तथा बजारीकरणमा क्रियाशील रुपमा लागेका कृषि सहकारी तथा त्यसका सदस्यहरु(कम्तीमा १० कट्ठाँ जग्गा भएको) वा आधुनिक धान मिल स्थापना सम्बन्धमा धान मिलको कारोबार गर्ने व्यवसायी समेत जनाउँछ।

**ख) आधुनिक धान मिलः** "आधुनिक धान मिल" भन्नाले Boiling Chamber, Dryer, Milling, Rice shining plant, Grading according to rice color plant, Packaging and labeling, Storing लगायतका कार्यहरु गर्ने धान मिल बुझाउँछ।

**ग) आवेदनः** भन्नाले यस प्राविधिक मापदण्ड तथा संचालन विधि बमोजिमको अनुदान प्राप्त गर्न पेश गर्ने प्रस्तावनालाई जनाउँछ।

**घ) कार्यक्रमः** "कार्यक्रम" भन्नाले दुई बाली धान उत्पादन कार्यक्रम अन्तर्गत एउटै जग्गामा वर्षभरीमा उत्पादन हुने चैते तथा वर्षे धानलाई बुझाउँछ।

**ङ) अनुदानः** यस कार्यविधि अनुसार कार्यक्रम संचालनको लागी प्रदान गरिने आर्थिक सहयोगला बुझाउछ।

**च) मन्त्रालयः** "मन्त्रालय" भन्नाले भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई बुझाउछ।

**छ) निर्देशनालयः** "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तरगतको कृषि विकास निर्देशनालयलाई बुझाउँछ।

**ज) कार्यालयः** "कार्यालय" भन्नाले मन्त्रालय अन्तरगतको बारा जिल्लास्थित कृषि ज्ञान केन्द्रलाइ बुझाउँछ।

झ) **प्राविधिक प्रतिवेदनः** "प्राविधिक प्रतिवेदन" भन्नाले प्रस्तावना अनुसारको कार्यक्रमको उद्देश्य अनुसारसंचालित वा संचालन हुने क्रियाकलापहरुको, स्थलगत तथ्यगत विवरण सहितको प्रतिवेदनलाई बुझाउँछ।

ञ) **प्राविधिकः** "प्राविधिक" भन्नाले सम्बन्धीत सेवाको अधिकृत वा विषयगत सेवाको कम्तीमा प्रविणता प्रमाण पत्र स्तरको उपाधी सहित कम्तीमा दश वर्ष सेवा अवधी ब्यतीत गरेको वहालवाला वा सेवा निबृत कर्मचारीलाई बुझाउँछ।

(३) **कार्यक्रमको उद्देश्यः** यस आयोजनाको मूख्य उद्देश्य मूल्य श्रृखंलामा अधारित दुई बाली धानको उत्पादनमा वृद्धि गरि मूल्य श्रृखंलामा अधारित धानको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, लेवलिङ्ग तथा बजारिकरणको एकद्धार प्रणालीबाट विकास गरिने तथा मूल्य श्रृखंलाका Actor हरुको आम्दानी वृद्धि गर्ने।

(४) **प्रस्तावनामा समावेश हुन सक्ने विषयगत क्षेत्रहरुः देहायका विषयमा प्रस्ताव पेश गर्न सकिनेछ।**

क) धानबालीको उत्पादनसँग सम्बन्धित कार्यहरु (बीउ, मलखाद्य व्यवस्थापन, विषादी, आदी)

ख)स्यालो टयुबवेल/पम्प सेट/मोटर तथा अन्य साना सिंचाई सम्बन्धि कार्यहरु

ग) प्राङ्गारिक मल/जिङ्क/कृषिचुन/सुक्ष्म तत्व/बायोफर्टिलाईजर तथा विषादी लगायतका कार्यहरु

घ) धान उत्पादनमा यान्त्रिकरणका लागि कृषि मेशिनरी खरिद सम्बन्धि कार्यहरु

ङ) आधुनिक मिलिङ्ग प्रणाली स्थापना/पुरानो मिलको क्षमता अभिवृद्धि सम्बन्धि कार्यहरु

च) ग्रेडिङ्ग/प्याकेजिङ्ग/बजारीकरण सम्बन्धि कार्यहरु

(५) कार्यक्रम संचालन बिधिः (१) कार्यक्रम संचालनका लागि क्षेत्र निर्धारण: (क) कार्यालयले दुई बाली धान उत्पादन हुने स्थानीय तहरुको सहभागितामा मूल्य श्रृखंलामा आधारित दुई बाली धान उत्पादन कार्यक्रम संचालन सम्बन्धि एक दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने छ। कार्यालयले अभिमुखिकरण कार्यक्रम संचालन पश्चात दफा ५ (१) (ख) बमोजिमको क्षेत्र निर्धारण समितिले कार्यक्रम संचालन हुने १००० हे. क्षेत्रफल भएको क्षेत्र निर्धारण गर्नेछ । क्षेत्र निर्धारण गर्दा देहाय बमोजिमको आधारहरुलाई समेत ख्याल गरि क्षेत्र निर्धारण गर्नुपर्ने हुन्छ।

- सिंचित क्षेत्र भएको वा निकट भविष्यमा सिंचाईको सुविधा हुन सक्ने।
- सडकको पहुच भएको वा निकट भविष्यमा पहुच हुन सक्ने।
- विधुतको पहुच भएको वा निकट भविष्यमा पहुच हुन सक्ने।
- दुई बाली धान उत्पादन हुने क्षेत्र भएको वा सम्भाव्यता भएको
- दुई बाली धान उत्पादनको क्षेत्रफल विस्तारको सम्भावना भएको
- कृषि उत्पादन सामाग्री उत्पादन तथा उत्पादन पूर्वाधारको सहजता।

- सामुहिक खेतीको सम्भावना भएको।
- बजारीकरणको सम्भावना तथा बजार सुविधा भएको।
- क्रियाशील तथा सक्षम लाभग्राहीहरु भएको क्षेत्र ।

(ख) क्षेत्र निर्धारण समितिः (१) कार्यक्रमको उदेश्य अनुसार कार्यक्रम संचालन गर्न देहाय अनुसारका एक क्षेत्र निर्धारण समिती हुनेछ।

| | |
|---|---|
| (क) प्रमूख, कृषि ज्ञान केन्द्र | संयोजक |
| (ख) प्रतिनीधि, कृषि अनुसन्धान निर्देशनालय, परवानीपुर | सदस्य |
| (ग) प्रतिनीधि, जिल्ला सहकारी संघ, बारा | सदस्य |
| (घ) प्रतिनीधि, दुई बाली धान उत्पादन हुने सम्भावित स्थानीय तहको कृषि प्राविधिक | सदस्य |
| (ङ) कार्यालय प्रमूखले तोकेको अधिकृत | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार तीनजना सम्म विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न वा आवश्यक परामर्श लिन सक्नेछ ।

(३) समितिले मूल्य श्रृखंलामा आधारित दुई बाली धान उत्पादन कार्यक्रम संचालन गर्न दुई बाली धान उत्पादन हुने सम्भावित क्षेत्रको पहिचान गरि क्षेत्र निर्धारण गर्नेछ।

(२) सूचना प्रकाशनः कार्यालयले पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गरी इच्छुक लाभग्राहीहरुबाट प्रस्ताव माँग गर्नेछ ।उक्त म्याद भित्र पर्याप्त आवेदन पेश हुन नआएमा पुनः ७ दिनको म्याद थप गरि सूचना प्रकाशन गर्ने सकिनेछ र उक्त थप म्याद भित्र सम्म जतीसुकै सँख्यामा प्रस्ताव संकलन भए पनि कार्यक्रम संचालन गर्न बाधा पुग्ने छैन।

(६). प्रस्तावना मुल्यांकनः (१) कार्यक्रमको उदेश्य अनुसार पेश भएका आयोजना प्रस्तावहरुको मूल्याँकनका लागि देहाय अनुसारका एक प्रस्तावना मुल्यांकन समिती हुनेछ।

| | |
|---|---|
| (क) कार्यालय प्रमुखले तोकेको अधिकृत | संयोजक |
| (ख) अधय्यन, परिक्षण तथा तथ्याङ्क शाखाको प्राविधिक | सदस्य |
| (ग) विशेषज्ञ/प्रसार शाखाको प्राविधिक | सदस्य सचिब |

(२) मुल्यांकन समितिले आवश्यकता अनुसार २ जनासम्म विशेषज्ञको आमन्त्रण गर्न वा परामर्श लिन सक्नेछ ।

(३) प्रस्तावना मूल्याँकन गर्दा प्रस्तावित क्रियाकलाप अपेक्षित उदेश्यसँग सम्बन्धी भए/नभएको आदी हेरी क्रियाकलाप अनुसारको परियोजनाको कूल लागत अनुमान सहित मूल्याँकन गर्नु पर्नेछ।

(४) प्रस्तावाहरुको मुल्यांकन समितिले समग्र मुल्यांकन गरी लाभग्राहीको नामावली अन्तिम स्वीकृतिको लागि कार्यालय प्रमूख समक्ष सिफारिस गर्नेछ।

(५) मूल्याँकन भई सिफारिस सहित पेश भएको प्रस्तावनाको क्रियाकलाप अपेक्षित उदेश्यसँग सम्बन्धीत भए/नभएको आदी हेरी क्रियाकलाप तथा वजेट समेतको अध्ययन विशलेषण गरी परियोजनाको कूल लागत अनुमान सहित परियोजना तथा वजेट कार्यालय प्रमुखले स्वीकृत गर्नेछन।

(६) लाभग्राहीको रुपमा छनौट भएका प्रस्तावदाताहरुको सूची कार्यालयले प्रकाशीत गर्नेछ।

(७) छनौट सूचिमा परेका प्रस्तावदाता/लाभग्राहीलाई कार्यक्रम संचालनको लागि कार्यालयले निर्देशित गरेको ढाँचा बमोजिम प्रतिब्द्धता पत्र तथा सम्झौता गरी कायदिश दिनेछ।

(७) संचालन गरिने क्रियाकलापहरु: मूल्य श्रृखंलामा आधारित दुई बाली धान उत्पादन कार्यक्रम अन्तर्गत देहाय बमोजिमको कृयाकलापहरु संचालन हुने छन्।

(१) चैते तथा वर्षे धानको बीउमा अनुदान

(२) स्यालो टयुबवेल/पम्प सेट/मोटर तथा अन्य साना सिंचाई निर्माण तथा जडान

(३) प्राङ्गारिक मल/ जिङ्क/ कृषिचुन/ सुक्ष्म तत्व/ बायोफर्टिलाईजर तथा विषादीमा अनुदान

(४) कष्टम हायरिङ्ग/कृषि यान्त्रिकरण

(५) आधुनिक धान मिल स्थापना /पूरानो मिलको स्तरोन्नती

(५) आधुनिक धान मिल स्थापना /पूरानो मिलको स्तरोन्नती कार्यक्रम

(६) धान बाली बिमा प्रवर्द्धन

(७) प्रविधि परिक्षण- तथा प्रसार

(८) बीज वृद्धि कार्यक्रम

(९) सामुदायिक स्क्रीन घर निर्माण

(१०) मागमा आधारित अन्य कार्यहरु

(८) चैते तथा वर्षे धानको बीउमा अनुदान: (१) धान उत्पादनमा वृद्धि गर्न दुई बाली धान उत्पादन गर्ने कार्यक्रम अन्तर्गत यस कार्यक्रमका लागि छनौट भएका लाभग्राहीहरुले आफ्ना सदस्यहरुबाट छोटो अवधिको मसिनो चैते तथा मसिनो तथा वास्नादार वर्षे धानको ओ.पी तथा हाईब्रिड जातका बीउहरुको माँग संकलन गरि कार्यालयमा माँग गर्ने छन।

(२) कार्यालयले धानको बीउको जातहरुको परिमाण यकीन गरि लागत अनुमान तयार गरि सकेसम्म नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहेको बीउ उत्पादन गर्ने फार्म/कम्पनीबाट सिधै खरिद गर्ने छ ।

(३) सरकारी स्वामित्व भएको फर्म/कम्पनीहरुबाट बीउ उपलब्ध नभएको खण्डमा धानको बीउ उत्पादनकर्ता, बिक्री वितरणकर्ताहरुबाट खरिद गर्न सकिनेछ।

(४) निजी क्षेत्रका बीउ बिजन आपुर्तिकर्ताबाट बीउ खरिद गर्न कृषकले माँग गरेको जातहरुको प्राविधिक स्पेशिफिकेशन तथा लागत अनुमान तयार गरि कार्यालय प्रमुखसँग स्वीकृत गराउनुपर्ने छ। कार्यालयले निर्धारण गरेको धानका जातहरुको आपुर्तिको लागि कम्तीमा १५ दिने सूचना प्रकाशित गरिनेछ।

(५) बीउ बिजन आपुर्तिकर्ताबाट रितपूर्वक दर्ता भएका प्रस्तावहरुको दफा ७ बमोजिमको मूल्याङ्कन समितिले मूल्याङ्कन गरि धानका जातहरुको एकै खाले कम्पनीको उत्पादन तथा स्पेशिफिकेशनको आधारमा समुहकृत गरी, उक्त समूहमा सबै भन्दा न्यूनतम् मूल्यलाई (Lowest Rate) आधार मानी अनुदान रकम तोक्ने तथा सुचिकृत गर्नेछ र प्रस्तावमा पेश भएका धानका जातहरु समूहकृत गर्न

नमिलेको अवस्थामा पेश गरेको सोही दरलाई न्यूनतम् मूल्य आधार मानी अनुदान रकम तोक्ने तथा सुचिकृत गर्नुपर्नेछ।

(६) कृषि सहकारी तथा सहकारीका सदस्यहरुले मौजुदा सूचिमा रहेका आपूर्तिकर्ता मध्येवाट आफनो स्वेच्छाले रुचाएको जातका बीउहरु खरिद गर्न कार्यालयमा अनुरोध गर्दा कार्यालयले त्यसरी खरिद गर्न अनुमती दिन सक्नेछ र यसरी खरिद गरेको बीउको बिल भरपाई सहित कार्यालयमा पेश गरी अनुदान वापतको रकम भुक्तानी माँग गर्दा कार्यालयले अनुगमन गरि अनुदान रकम भुक्तानी गर्न सक्नेछ।

(९) स्यालो टयुबवेल/पम्प सेट/मोटर तथा अन्य साना सिंचाई निर्माण तथा जडान: (क) कार्यालयले यो कार्यको लागि स्यालो टयुबवेल/पम्पसेट/मोटर/ईनार कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७७ अनुसार गर्नु पर्नेछ।

(१०) प्राङ्गारिक मल/ जिङ्क/ कृषिचुन/ सुक्ष्म तत्व/ बायोफर्टिलाईजर तथा विषादीमा अनुदान: (१) दुई बाली धान उत्पादन कार्यक्रम संचालन हुने क्षेत्रमा माटो सुधार कार्यक्रम अन्तर्गत विभिन्न प्राङ्गारिक मल/जिङ्क/कृषिचुन/सुक्ष्म तत्व/बायोफर्टिलाईजर आवश्यक्ता तथा माटोको गुणस्तरको आधारमा कृषकहरुलाई वितरण गर्न सकिनेछ।

(२) निजी क्षेत्रका प्राङ्गारिक मल/जिङ्क/कृषिचुन/सुक्ष्म तत्व/बायोफर्टिलाईजर तथा विषादी आपुर्तिकर्ताबाट प्राङ्गारिक मल/जिङ्क/कृषिचुन/सुक्ष्म तत्व/बायोफर्टिलाईजर तथा विषादी खरिद गर्न कृषकले माँग गरेको प्राङ्गारिक मल/जिङ्क/कृषिचुन/सुक्ष्म तत्व/बायोफर्टिलाईजर तथा विषादीको प्राविधिक स्पेशिफिकेशन तथा लागत अनुमान तयार गरि कार्यालय प्रमुखसँग स्वीकृत गराउनुपर्ने छ। कार्यालयले निर्धारण गरेको प्राविधिक स्पेशिफिकेशन अनुसारको प्राङ्गारिक मल/जिङ्क/कृषिचुन/सुक्ष्म तत्व/बायोफर्टिलाईजर तथा विषादीको आपुर्तिको लागि कम्तीमा १५ दिने सूचना प्रकाशित गरिनेछ।

(३) प्राङ्गारिक मल/जिङ्क/कृषिचुन/सुक्ष्म तत्व/बायोफर्टिलाईजर तथा विषादी आपुर्तिकर्ताबाट रितपूर्वक दर्ता भएका प्रस्तावहरुको दफा ७ बमोजिमको मूल्याङ्कन समितिले मूल्याङ्कन गरि प्राङ्गारिक मल/जिङ्क/कृषिचुन/सुक्ष्म तत्व/बायोफर्टिलाईजर तथा विषादीको एकै खाले कम्पनीको उत्पादन तथा स्पेशिफिकेशनको आधारमा समुहकृत गरी, उक्त समूहमा सबै भन्दा न्यूनतम् मूल्यलाई (Lowest Rate) आधार मानी अनुदान रकम तोक्ने तथा सुचिकृत गर्नेछ र प्रस्तावमा पेश भएका प्राङ्गारिक मल/जिङ्क/कृषिचुन/सुक्ष्म तत्व/बायोफर्टिलाईजर तथा विषादी समूहकृत गर्न नमिलेको अवस्थामा पेश गरेको सोही दरलाई न्यूनतम् मूल्य आधार मानी अनुदान रकम तोक्ने तथा सुचिकृत गर्नुपर्नेछ।

(घ) कृषि सहकारी तथा सहकारीका सदस्यहरुले मौजुदा सूचिमा रहेका आपूर्तिकर्ता मध्येवाट रुचाएको प्राङ्गारिक मल/जिङ्क/कृषिचुन/सुक्ष्म तत्व/बायोफर्टिलाईजर तथा विषादी खरिद गर्न कार्यालयमा अनुरोध गर्दा कार्यालयले त्यसरी खरिद गर्न अनुमती दिन सक्नेछ र यसरी खरिद गरेको बीउको

बिल भरपाई सहित कार्यालयमा पेश गरी अनुदान वापतको रकम भुक्तानी माँग गर्दा कार्यालयले अनुगमन गरि अनुदान रकम भुक्तानी गर्न सक्नेछ।

(११) कष्टम हायरिङ्ग/कृषि यान्त्रिकरण सम्बन्धि क्रियाकलाप: लाभग्राहीहरुले कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालन गर्न चाहेमा कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालनको लागि कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७७ बमोजिम गरिनेछ।

(१२) आधुनिक धान मिल स्थापना /पूरानो मिलको स्तरोन्नती: (१) आयोजना संचालन भएका क्षेत्रमा उत्पादन हुने धानलाई मूल्य श्रृखंलासँग जोड्न धानको बिक्री वितरण सुनिश्चित गर्नका लागि सो क्षेत्रमा आधुनिक मिलिङ, प्याकेजिङ, ब्राण्डिङ, गोदाम भण्डार तथा उपभोक्ताले रुचाउने चामलको उधोग पूर्वाधार निर्माण तथा स्थापना गरिनेछ।

(२) धान बाली प्रशोधनको लागि नयाँ आधुनिक मिल स्थापना वा पुरानो मिलको स्तरोन्नती गर्ने कार्यको लागि आयोजना संचालन भएका क्षेत्रमा सम्भव नभएमा बारा जिल्लालाई पायक पर्ने मधेश प्रदेशका अन्य क्षेत्रमा पनि कृषि विकास निर्देशनालयको सहमतिमा यो कार्यक्रम कार्यान्वयन गर्न सकिन्छ।

(३) यो कार्यक्रम संचालनका लागि कार्यालयले तीस दिनको म्याद दिई राष्ट्रिय पत्रिकामा अनुसूची-२ बमोजिम सूचना प्रकाशन गरिने छ। प्रथम पटक प्रकाशित सुचनाको म्याद भित्र कार्यक्रमको लक्ष्य बमोजिम आवेदन/प्रस्ताब पेश हुन नआएमा पुनः दोश्रो पटक थप ७ दिनको म्याद दिइ सुचना प्रकाशन गर्न सकिने छ। दोश्रो पटकको सुचनाको म्याद भित्र जतिसुकै संख्यामा आवेदन/प्रस्ताब पर्न आए तापनि कार्यक्रम संचालन गर्न बाधा पुग्ने छैन। कृषि सहकारी वा धान मिल कारोबार गर्ने व्यवसायिकले प्रस्ताव पेश गर्नुपर्ने छ।

(४) आधुनिक मिलिङ, प्याकेजिङ, ब्राण्डिङ, फाइन राईस उधोग पूर्वाधार निर्माण तथा सुदृढिकरण कार्यक्रम सञ्चालन क्षेत्र तथा अनुदानग्राही छनौटका आधारहरु देहाय बमोजिम हुनेछ:

(क) कार्यक्रमको लागि आवश्यक पर्ने भौतिक पुर्वाधार भएको हुनु पर्ने,

(ख) प्रचलित कानून बमोजिम दर्ता भई स्थाई लेखा नम्बर लिएका, आवेदक यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ग) आवेदकको विधान/नियमावली/दर्ताप्रमाणपत्रमा संस्थाको उद्देश्य कृषिजन्य उद्योग स्थापना तथा सञ्चालन सम्बन्धीत हुनुपर्नेछ ।

(घ) कार्यक्रम गर्न जग्गा आवेदक संस्थाको आफ्नो नाममा वा संचालक सदस्यको नाममा हुनुपर्नेछ र छनौट भएको आवेदकको हकमा सम्झौता गर्नुपूर्व संस्थाको नाममा जग्गा कायम गर्नु पर्नेछ। करारनामाको जग्गा मान्य हुने छैन ।

(ङ) कम्तिमा सडक, विद्युत र थ्री-फेज लाइन भएको वा जडान गर्न सक्ने लगायतका आवश्यक पूर्वाधारहरुको व्यवस्थापन तथा सुलभ पँहुच भएको हुनु पर्नेछ ।

(५) आवेदकले संस्थाको तर्फबाट भवन निर्माण र मेशिनरी औजार उपकरण खरिद र जडानको लागि कार्यक्रम गर्ने कार्यालयले व्यहोर्ने अनुदान बाहेकको रकमको लागि बैंकको आशय पत्र (Letter of

Intent) स्पष्ट अंङ्कमा र अक्षरमा उल्लेख गरेको संस्थाको आफ्नै खातामा भएको बैंक Statement तथा सूचना प्रकाशन भएपछि कार्यालयलाई सम्बोधन गरी जारी भएको पेश गर्नु पर्नेछ ।

(६) कार्यालयले आधुनिक धान मिल स्थापना/पुरानो मिलको स्तरोन्नती अन्तर्गत आधुनिक Boiling Chamber, Dryer, Milling, Rice shining plant, Grading according to rice color plant, Packaging and labeling लायतका कार्यहरु गर्नुपर्नेछ।

(७) प्रस्ताव मूल्याङ्कनमा चामल उत्पादन तथा बिक्रिवितरण क्षेत्रमा अनुभव भएको आवेदक संस्थालाई प्राथमिकता दिईनेछ ।

(८) यस अघि प्रदेश सरकारबाट कृषि सम्बन्धी कुनै अनुदान प्राप्त गरेको संस्था भए उक्त अनुदानबाट संचालित योजना सफलतापूर्वक सञ्चालन भईराखेको हुनुपर्नेछ ।

(९) सिफारिस भएका आवेदकहरुको प्रस्तावित ईन्जिनियरिङ्ग डिजाईन, लागत अनुमान तथा भौतिक पूर्वाधारहरुको Appraisal तोकेको प्राबिधिकले गर्नेछन्। यसको सर्वेक्षण तथा कार्यान्वयनको चरणमा आवश्यक पर्ने प्राविधिक रेखदेख, सुपरिवेक्षण मन्त्रालय, निर्देशनालय र कृषि ज्ञान केन्द्रबाट हुनेछ ।

(१०) आधुनिक मिल स्थापना/पुरानो मिलको स्तरोन्नती भए पश्चात कार्यक्रम कार्यान्वयन हुने क्षेत्रका कृषकहरुको उत्पादीत धान मिलले खरिद गर्नुपर्नेछ। सोको लागि कार्यक्रम कार्यान्वयन हुने क्षेत्रका कृषि सहकारी तथा सहकारीका सदस्यहरु तथा मिल संचालक बीच धान खरिद गर्ने दिपक्षीय सम्झौता कार्यकलयको रोहबरमा गर्नुपर्नेछ र सो सम्झौताका सम्पुर्ण शर्तहरु दुवै पक्षले अक्षरस पालना गर्नुपर्ने छ।

(१३) धान बाली बिमा प्रवर्द्धन: आयोजना संचालन हुने क्षेत्रमा कृषकहरुलाई बाली बिमा बारे जानकारी दिन तथा बाली बिमा प्रति आकर्षित गर्न सो क्षेत्रमा बाली बिमा समबन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिने तथा सोको प्रभावकारिताका लागि प्रचार प्रसार लगायतका क्रियाकलापहरु संचालन गरिनेछ।

(१४) अन्य कार्यक्रम: कार्यक्रम संचालन हुने क्षेत्रमा देहाय बमोजिमका अन्य विविध कार्यक्रमहरु संचालन गरिनेछ।

(क) प्रविधि परिक्षण तथा प्रसार: यस अन्तर्गत सहभागितात्मक उत्पादन प्रविधि तथा जातीय प्रदर्शनसँग सम्वन्धित क्रियाकलापका साथै रसायनिक मलको समुचित प्रयोग/सघन धान खेती प्रविधि (SRI)/ रोग किराको जैविक विधिद्धारा व्यवस्थापन तथा एकिकृत रोग किरा व्यस्थापन जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।

(ख) बीज वृद्धि कार्यक्रम: दुई बाली धान उत्पादन कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा चैते तथा वर्षे धानको (मसिनो तथा वास्नादार जात) बीज वृद्धि कार्यक्रम संचालन गरिने छ।

(ग) सामुदायिक स्कीन घर निर्माण: चैते सिजनमा धान खेतीका लागि समुदाय स्तरमा गुणसेतरीय वेर्ना उपलब्ध गराउन सामुदायिक स्कीन घर निर्माणका लागि सहयोग गरिनेछ।

(१५) जनशक्ति व्यवस्थापन: कार्यक्रम संचालन हुने क्षेत्रमा दुई बाली धान उत्पादन कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न करारमा कृषि विज्ञ, कृषि प्राविधिक तथा कृषि ईन्जिनियर नियुक्ति गरिनेछ।

(१६) अनुसूचि,ढाँचा तथा फारमः सुचनाको ढाँचा, आवेदन फारम को ढाँचा र अन्य आवश्यक फारम कार्यालय स्वयंले तयारी गरी सम्वन्धित सरोकारवालालाई उपलब्ध गराउने छ।

(१७) अनुदानको अधिकत्तम सिमाः (१) यस कार्यक्रम अन्तरगतको प्रस्तावना स्विकृत गर्दा क्रियाकलाप अनुसार खर्च गर्न सक्ने अधिकतम अनुदान तथा निजी लगानी सम्बन्धी सिमा "**कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६**" मा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जे सुकै लेखिएको भए तापनि यस कार्यक्रम संचालनका क्रममा प्रशासनिक खर्च वापत कुल स्वीकृत बजेटमा अधिकतम चार प्रतिशत कन्टिनजेन्सी रकम कट्टा गरिनेछ।

(३) अनुदानग्राहीबाट माँग संकलन पश्चात विनियोजित बजेटको परिधिभित्र रहि विभिन्न कृयाकलापमा बजेट बाडफाँड गरि मन्त्रालयबाट स्वीकृत गराई कार्यक्रम संचालन गरिनेछ।

(१८) अनुगमन तथा प्रतिवेदनः आयोजनाको उदेश्य अनुरुप कार्य सम्पादन तथा उपलब्धी सम्बन्धमा मन्त्रालय, निर्देशनालय तथा कार्यालयवाट नियमित अनुगमनको ब्यवस्था मिलाइनेछ। अनुगमन निरिक्षणको क्रममा मन्त्रालय, निर्देशनालय तथा कार्यालयवाट जारी भएको सल्लाह सुझाव तथा निर्देशन कार्यक्रम संचालकले पाल्ना गर्नु पर्ने तथा अनुगमन प्रतिवेदन अनुसार कार्य सम्पादनमा सुधार नभए परियोजना रद्द गर्ने सिफारिस हुन सक्नेछ। कार्यक्रम कार्यान्वयनको वार्षिक प्रतिवेदन तयारी गराउनु पर्नेछ। साथै स्थानिय स्तरमा परियोजना संचालनको क्रममा आवश्यकता र औचित्य अनुसार समन्वय तथा सहकार्यमा कार्य सम्पादन गर्न सक्नेछ।

# कृषि सडक निर्माण कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधी, २०७९

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि"२०७६ , (प्रदेश मन्त्रीपरिषद, निर्णय मिती २०७६/०९/१३) को दफा ४ को उपदफा २ लाई आधार लिई श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ,(मन्त्रिस्तरीय निर्णय) वाट तत्काल लागू हुने गरी यो मापदण्ड स्वीकृत गरिएको छ।

१. **परिभाषा : "कृषि सडक"** भन्नाले कृषक(हरु) लाई उत्पादन र बजारीकरण प्रवर्द्धन गर्न वाली वस्तु उत्पादन हुने क्षेत्र (फांट/चौरी वा फार्म) देखि कृषि उपज बिक्री हुने संकलन केन्द्र / बजार /चल्तिको सडक सम्म जोड्न सक्ने सहायक सडक र सोको लागि आवश्यक नाला र ह्युमपाईप जस्ता संरचना समेतलाई बुझ्नु पर्छ ।

२. **उद्देश्य** : कृषिजन्य बाली/वस्तु उत्पादन, प्रशोधन तथा वजारीकरण प्रवर्द्धन गर्न कृषक र कृषि यन्त्रह... आवागमन सुविधा विस्तार गर्ने ।

३. **अनुदानग्राहीको किसिम** : (१) वार्षिक कार्यक्रममा कृषि सडक पहिचान नभएको अवस्थामा यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका अनुदानग्राही हुन सक्नेछन् ।

- स्थानिय तहः प्रदेश भित्रका स्थानिय तहहरु ।
- उपभोक्ता समितिः कृषि सडक कार्यवाट प्रत्यक्ष लाभ पाउने कृषकहरुले कृषि सडक निर्माण गर्ने तथा सोको सन्चालन, मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येवाट नियमानुसार गठन गरेको समिति ।
- कृषि उत्पादनमा संग्लन फर्म/उद्यमी : प्रचलित कानुन अनुसार दर्ता भई नवीकरण भएका कृषि फर्म/उद्यमी/उद्योग । यस्ता फर्म/उद्यमीले अफ्नो फर्म वा उद्यम स्थल सम्म पुग्ने कृषि सडक निर्माणको लागि मात्र निवेदन दिन पाउने छन्।

(२) वार्षिक कार्यक्रममा कृषि सडक पहिचान भएको अवस्थामा उक्त सडकको लागि उपभोक्ता समिति गठन गरी कार्यक्रम संचालन भएमा सो उपभोक्ता समिति वा स्थानिंय तह मार्फत संचालन भएमा सो स्थानिय तह यस कार्यक्रमको अनुदानग्राही हुन सक्नेछन् । यस्ता कृषि सडक निर्माण कार्यको लागि कार्यालयले उपयुक्त ठानेमा उपभोक्ताको सहमतिमा साझेदारीको विधि सुनिश्चित गरी सार्वजनिक खरीद ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार निर्माण कार्य गराउन सक्नेछ।

४. **अनुदान प्रवाहका शर्तहरुः** (१) यस कार्यक्रम अन्तरगत १३ फिट देखि २४ फिट सम्म चौडाइ भएको निर्धारीत लम्बाईमा नेपाल सरकारको नियमानुसार बाटो कायम रहेको प्रमाणित नक्शा भएको स्थानमा माटो र ग्रेभल सडक निर्माण गर्नु पर्नेछ।

(२) कृषि सडकको लागी सम्बन्धीत कृषि ज्ञान केन्द्र/भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पहिचान गरेको कृषि वाली/वस्तु उत्पादन क्षेत्र/स्थल हुनु पर्ने छ ।

(३) वार्षिक कार्यक्रममा कृषि सडक पहिचान भएको अवस्थामा कार्यक्रम संचालन गर्ने कार्यालयले प्रस्तावित कृषि सडक परियोजना प्राविधिक मापदण्ड अनुसार रहेको नरहेको यकिन गर्नु पर्नेछ। मापदण्ड पुरा गरेका परियोजनाहरु मात्र कार्यान्वयनमा ल्याउनु पर्नेछ।

५. **कार्यक्रम संचालन सम्वन्धि जानकारीः** (१) वार्षिक कार्यक्रममा कृषि सडक पहिचान भएको अवस्थामा कार्यक्रम संचालन गर्ने कार्यालयले सम्वन्धित वडा अध्यक्षलाई पत्राचार गरी सो कार्यक्रम वारेमा जानकारी गराउनु पर्नेछ।

(२) वार्षिक कार्यक्रममा कृषि सडक पहिचान नभएको अवस्थामा कार्यालयले कम्तिमा पन्ध्र दिनको म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा खामवन्दी प्रस्ताव पेश गर्न फारम नं १ को ढांचामा सूचना प्रकाशन गर्नु पर्नेछ। सूचनाको म्याद भित्र आवश्यक संख्यामा प्रस्ताब पेश हुन नआएमा ७ दिनको म्याद दिइ पुनः सूचना प्रकाशन गर्न सकिने छ । दोश्रो सूचना पछि कार्यक्रम संचालन गर्न वाधा पुग्ने छैन ।

(३) सूचनाको जानकारी स्थानिय तहलाई समेत गराउनु पर्नेछ र आवेदन संकलनको व्यवस्था स्थानिय तह मार्फत समेत गराउन सकिनेछ।

(४) कृषि सडक निर्माण प्रस्ताव गर्न आयोजनाको प्रस्तावमा उदेश्य, औचित्य, सम्भाव्यता, संक्षिप्त ईन्जिनियरीङ्ग स्पेशिफिकेशन, जग्गा स्वामित्वको किसिम, सेवा प्राप्त हुने क्षेत्रफल, लाभग्राही, आयोजनाको शुरु र अन्तिम विन्दु खुल्ने GPS code सहितको सामान्य नक्सा तथा मुख्य मुख्य कृयाकलापहरु सहितको विवरण फारम नं २ को ढांचामा खुलाउनु पर्नेछ।

६. **प्रस्ताब जाँच मूल्याङ्कन र छनौट :** (१) कार्यालयले प्रस्तावहरुको मूल्याँकन तथा छनौट गर्न देहाय बमोजीमको एक मूल्याङ्कन समिती गठन गर्नेछ।

| | |
|---|---|
| कार्यालयले तोकेको अधिकृत | संयोजक |
| तालुक निकायले तोकेको अधिकृत | सदस्य |
| कार्यक्रम हेर्ने जिम्मेवार अधिकृत/प्राबिधिक कर्मचारी | सदस्य सचिब |

(२) कार्यालयले मुल्यांकन समितिमा २ जनासम्म सदस्य थप गर्न सक्नेछ ।

(३) वार्षिक कार्यक्रममा कृषि सडक पहिचान भएको अवस्थामा कार्यालयले सम्वन्धित वडा अध्यक्षलाई पत्राचार गरी मूल्याङ्कन समिती पठाई प्रस्तावित कृषि सडक परियोजना स्थालगत निरीक्षण गराई वडा अध्यक्षको सिफारीस सहितको प्रतिवेदन लिनु पर्नेछ। प्रस्तावित कृषि सडक परियोजना प्राविधिक मापदण्ड अनुसार रहेको यकिन भए मात्र सो प्रस्ताव कार्यान्वयनमा ल्याउनु पर्नेछ।

(४) वार्षिक कार्यक्रममा कृषि सडक पहिचान नभएको अवस्थामा कार्यालयले प्राप्त प्रस्तावहरुको मूल्याँकन तथा छनौट गर्न मूल्याङ्कन समितीले कृषि उपज सडक निर्माणको आवश्यकता तथा सम्भाव्यताको आधारमा प्रस्तावहरुको मूल्याङ्कनका आधारहरु प्रस्ताव खोल्नु पुर्व निर्धारण गरी कार्यालय प्रमुखवाट स्वीकृत गराउनु पर्नेछ।

(५) मूल्याङ्कन समितीले प्राविधिक रुपले सक्षम तथा उपयुक्त ठहर भएका प्रस्तावकहरु मध्ये अनुदानग्राहीको सहभागीता वापत तोकीएको न्यूनतम रकम वा सो भन्दा वढी सहभागीता प्रस्ताव गर्ने लाई छनौट गर्न सिफारिश गर्नेछ।

(६) मूल्याङ्कन समितीले गरेको सिफारिस कार्यालय प्रमुखवाट स्वीकृत भएपछी छनौट भएका अनुदानग्राहीहरुको नाम प्रकाशित गरिनेछ।

७. **सम्झौताः** (१) कार्यान्वयनका लागि छनौट भएका प्रस्तावको लगानी सहभागीता सम्बन्धमा छलफल गरी साझेदारहरुको कार्य जिम्मेवारी तथा लागत अनुमानमा लगानी अंश समेतको स्पष्ट बाँडफाँट गरी संतुलित सम्झौता गर्नु पर्नेछ।

(२) कार्यालय प्रमुखबाट स्वीकृत भएका परियोजनाको ७ दिन भित्र कार्यदिश सहितको सम्झौता गर्नु पर्नेछ ।

(३) समयसीमा भित्र सम्झौता गर्न नआउने वा सम्झौता गरी समयमा काम शुरु नगर्ने अनुदानग्राहीको सम्झौता रद्द गरी बैकल्पिक परियोजनासंग सम्झौता गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।

८. **आवधिक अनुगमन, पृष्ठपोषण तथा नियमनः** (१) मन्त्रालय/ निर्देशनालय/कार्यालयको टोलीले कृषि सडक निर्माण कार्यको तथा गुणस्तरको नियमित सुपरीवेक्षण तथा अनुगमन गर्नेछ। यस क्रममा देखिएका सुधार गर्नु पर्ने कुराहरु बारे सम्बन्धित पक्षलाइ समयमै जानकारी गराउनु पर्नेछ। अनुगमन, सुपरिपेक्षणवाट आएका सुझाव तथा निर्देशनको पालना गर्नु सम्बन्धित पक्षको कर्तब्य हुनेछ ।

९. **कार्य सम्पादन प्रतिबेदनः** (१) अनुदानग्राहीले सम्झौता बमोजिम कृषि सडक निर्माण कार्य सम्पन्न भएको जानकारी गराएपछि कार्यालयले सोको कार्य सम्पादन प्रतिवेदन लिनु पर्नेछ।

(२) कार्यक्रम संचालन गर्ने कार्यालयले सार्वजनिक सुचना मार्फत सम्पन्न आयोजनाहरुको विवरण सार्वजनिक गर्नु पर्नेछ।

१०. **भूक्तानी प्रक्रियाः** अनुदान रकमको भुक्तानी माग गर्दा कार्यालय संग भएको सम्झौता अनुसार सम्पादित कार्यको रनिंग बिल वा कार्यसम्पन्न प्रतिवेदनको आधारमा बढिमा तिन किस्तावन्दीमा वा एकमुष्ठ प्रचलित कानून बमोजिम भुक्तानी दिन सकिनेछ।

११. **खारेजी र बचाउः** " कृषि सडक निर्माण कार्यक्रम प्राविधिक मापदण्ड तथा सचालन विधि, २०७७" खारेज गरिएको छ। यो प्राविधिक मापदण्ड तथा संचालन विधि स्विकृत हुनु पूर्व " कृषि सडक निर्माण कार्यक्रम प्राविधिक मापदण्ड तथा सचालन विधि, २०७७" बमोजिम भए, गरेका कार्यहरु यसै मापदण्ड तथा संचालन विधि बमोजिम भएको मानिनेछ।

# विस्तृत सुचनाको ढांचा

## (सोपान सहित कार्यालयको नाम)

## कृषि सडक निर्माण कार्यक्रम संचालन सम्बन्धी विस्तृत सुचना

**प्रथम पटक प्रकाशित मिति .....**

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" मा व्यवस्था भए बमोजिम आ.व ..... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २ का ईच्छुक स्थानिय तह, उपभोक्ता समिति, कृषि उत्पादनमा संलग्न फर्म/उद्यमीको साझेदारीमा कृषि सडक (कम्तिमा १३ फिट देखि अधिकतम २४ फिट सम्म चौडाइ भएको निर्धारीत लम्वाईमा माटो र ग्रेभल वाटो) निर्माणको लागि तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी ..........(अन्तिम मिति/म्याद) गते कार्यालय समय भित्र सम्म यस ..........(कार्यालयको नाम) मा आई पुग्ने गरी खामबन्दी प्रस्ताव पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। कृषि उत्पादनमा संलग्न फर्म/उद्यमीले अफ्नो फर्म वा उद्यम स्थल सम्म पुग्ने कृषि सडक निर्माणको लागि मात्र निवेदन दिन पाउने छन्।हाल यस कार्यक्रमको ............(लक्ष्य तोक्ने) कृषि सडक निर्माण गर्ने रहेकोमा मांग र वजेट उपलब्धता अनुसार सो संख्या थप हुन सक्नेछ। यस कार्यक्रमको लागि ८५ प्रतिशत अनुदान प्रति आयोजना अधिकतम रकम रु ..........(अनुदान सिमा तोक्ने) दिईनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुने प्रस्ताब छनौटका लागि समावेश हुने छैन । प्रस्ताव स्विकृत गर्ने वा नगर्ने लगायतका यस सुचना संग सम्वन्धित सम्पुर्ण अधिकार ..........(कार्यालयको नाम) सुरक्षित रहनेछ। यस सम्वन्धमा थप जानकारी र आवेदन पत्रको ढांचा यस ..........(कार्यालय नाम) को वेभसाईट ....... प्राप्त गर्न सकिनेछ।

पेश गर्नु पर्ने विवरण र कागजातहरु

- कृषि सडक निर्माण अनुदान माग गर्ने आवेदन फारम (रु.१० को हुलाक टिकट टांसेको)।
- आयोजना प्रस्ताव (उदेश्य, औचित्य, सम्भाव्यता, ईन्जिनियरीङ्ग डिजाईन/ड्रईङ्ग डिजाईन/स्पेशिफिकेशन, जग्गा स्वामित्वको किसिम, सेवा प्राप्त हुने क्षेत्रफल, लाभग्राही, आयोजनाको शुरु र अन्तिम विन्दु खुल्ने GPS code सहितको सामान्य नक्सा तथा मुख्य मुख्य क्रियाकलाप सहितको संक्षिप्त विवरण)।
- आयोजनाको ईन्जिनियरीङ्ग डिजाईन (ड्रईङ्ग/स्पेशिफिकेशन) र लागत अनुमान आधिकारीक ईन्जिनियरवाट तयार गरीएको हुनु पर्नेछ। लागत अनुमानमा साझेदारी अंश (न्युनतम १५ प्रतिशत हुनु पर्ने) र श्रोत खुलाउनु पर्ने।
- कृषि सडक निर्माण हुने जग्गामा नियमानुसार बाटो कायम रहेको प्रमाणित नक्शा।
- उपभोक्ता समितिको हकमा योजनाका लाभग्राहीहरुको आमभेलाले नियमानुसार उपभोक्ता समिति र आन्तरिक अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपि, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि र सम्वन्धित स्थानिय तहवाट प्रमाणिकरण।
- कृषि उत्पादनमा संग्लन फर्म/उद्यमीको हकमा दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थाई लेखा नम्वर लिएको प्रमाण पत्रको प्रतिलिपि, चालु आ.व. को कर चुक्ता प्रमाण, आवेदन दर्ता गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र।
- स्थानिय तह वा उपभोक्ता समिति वा सझेदारी फर्म/कम्पनिको हकमा अनुदान माग गर्ने सम्वन्धमा गरेको निर्णयको प्रतिलिपि।
- प्रस्तावित जग्गामा कृषि सडक निर्माण गर्न स्विकृति दिईएको व्यहोरा खुलेको स्थानिय तहको सिफारिस पत्र।

- ..........(कार्यालयको नाम) ले आवश्यक ठानेमा छनौट वा समझौता चरणमा आयोजना निर्माण सम्वन्धि थप कागजातहरु जस्तै जग्गाको फिल्डवुक उतार, उपभोक्ता समितिको थप विवरण, प्रस्तावित स्थलमा कृषि सडक निर्माण गर्नुको अवश्यकता र औचित्य खुलेको सम्वन्धित सिफारिश पत्र आदी मांग गरेमा पेश गर्नु पर्ने छ।ती कागजात बुझाउन नसके समझौता गरिने छैन।
- दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोलिएपछि कागजातहरु अध्ययन तथा स्थलगत निरीक्षण गरी मुल्यांकन पश्चात छनौट गरिनेछ।प्रस्तावहरु खोलिने मिति, स्थान र समय यस ..........(कार्यालयको नाम) वाट पछि सूचना प्रकाशन गरी जानकारी गराईनेछ ।
- थप जानकारीको लागि यस ..........(कार्यालयको नाम) का . .............(कर्मचारीको पद) श्री .................. (मो.न. ........) वा ..........(कार्यालय नाम) का . .............(कर्मचारीको पद) श्री .................. (मो.न. ..........) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

..................................

(कार्यालय प्रमुखको नाम र पद)

फारम नं २

# कृषि सडकको लागि अनुदान प्रस्ताव गर्ने आवेदनको ढांचा

क. प्रस्तावकको विवरण

१. प्रस्ताव पेश गरेको कार्यालयको नाम र ठेगाना: श्री

२. प्रस्तावको नाम :

सम्पर्क टेलिफोन नं.मोवाईल नं/.

ईमेल

३. प्रस्तावको किसिम: ✓( चिन्ह लगाउने।

३.१. स्थानिय तह

३.२. उपभोक्ता समिति

३.३. कृषि कार्यमा संलग्न उद्योगकम्पनी /

४. ठेगाना: जिल्ला गा पाम ना पा वडा नं टोल/उ ना पा/ना पा/

५. प्रस्तावक संस्थाको दर्ता प्रमाणपत्र नं

भ्याट.दर्ता नं पान /

दर्ता भएको निकाय :

दर्ता मिति:

ख. आयोजनाको विवरण

१. आयोजनाको नाम:

२. आयोजनाको उद्देश्य:

३. आयोजनाको अनुमानित कुल लागत:

४. आयोजना कार्यान्वयनमा सझेदारहरुको अनुपात वा हिस्सा रकम:

५. प्रदेश सरकारले अनुदान मार्फत व्यहोर्ने रकम:

६. आयोजना स्थलको विवरण

६.१. जिल्ला सदरमुकाम देखिको दुरी (.मि.कि)

६.२. आयोजना संचालन हुने जग्गा स्वामित्वको किसिम:

६.३. आयोजना स्थलको जिपिएस कोड: अक्षांस देशान्तर

६.४. विद्यमान सडकको अवस्थामा कति माटो र ग्रेभल हाल्नु पर्ने र लम्वाई कति हुने:

माटो(फिट)- ग्रेभल(फिट)- प्रस्तावित लम्वाई(मि)-

७. आयोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय:

८. यस भन्दा पहिले यस क्षेत्रमा कृषि पूर्वाधार निर्माणको लागि अनुदान प्राप्त भएको छ छैन:

९. अनुदान प्राप्त भएको छ भने सोको विवरण :

| अनुदान प्राप्त गरेको बर्ष | के को लागि प्राप्त भएको | कति रकम | कुन संस्थाबाट प्राप्त भएको |
|---|---|---|---|
| | | | |

१०. आयोजनावाट लाभान्वित हुने लक्षित समुदायको घरधुरी सख्या

| पुरुष | महिला | दलित | जनजाती | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |

११. आयोजना सम्पन्न भए पछिका अपेक्षित उपलब्धीहरु (बुदांगत रुपमा सम्भब भए परिमाण समेत खुलाउने)

१२. यस आयोजनाको लागि यो प्रस्ताव पत्र साथ संलग्न लागत अनुमान अनुसार यस आयोजनाको कुल लागत रु को . बराबरका साझेदारी रकम हामी प्रस्तावकले प्रतिशतले हुन आउने रु .अक्षरेपी कार्यक्रम सम्पन्न गर्न प्रतिबद्धता जाहेर गर्दछु । उक्त रकम देहायका श्रोतबाट प्राप्त हुनेछ।

क(

ख(

१३. संलग्न कागजातहरु ) संलग्न भएका कागजातहरुको हकमा आवेदक ले)√(चिन्ह लगाउने(

| )√( चिन्ह लगाउने | संलग्न कागजातहरु | कार्यालयले रुजु गर्ने प्रयोजनको लागि मात्र |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

| | |
|---|---|
| प्रदेश नं २ ....................................(कार्यालयको नाम).कार्यक्रमको सुचना अनुसारका शर्तहरु पालना गर्ने गरी यो प्रस्ताव पेश गरेको छु। यस कार्यक्रमको उद्देश्य संग मेरो/हाम्रो कुनै प्रकारले स्वार्थ बाझिने अवस्था रहेको छैन। यस आयोजनाको लागि अरु कुनै पनि निकाय सग अनुदान मांग गरेका छैनौं। मैले/हामीले अनुदान प्राप्त गर्न कार्यालयमा कुनै प्रकारले पहुच, प्रभाव पार्न खोज्ने छैन। सो गरेको पाईएमा कार्यालयले आवेदन रद्द गर्न सक्ने कुरामा हाम्रो पूर्ण मञ्जुरी रहेको छ। यसमा उल्लेख गरेको विवरण सत्य सांचो हो, झुठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।<br>आवेदकको सही :<br>आवेदकको नाम र पदः<br>ठेगानाः<br>फार्म संस्थाको छाप | रुजु गर्नेको सही :<br>रुजु गर्नेको नाम र पद :<br>कार्यालयको नाम : |

# व्यवसायिक कृषि उत्पादन क्षेत्र सुदृढिकरण कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७९

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" (प्रदेश मन्त्रीपरिषद, निर्णय मिती २०७६/०९/१३) को दफा ४ को उपदफा २ बमोजिम श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रिस्तरीय निर्णय) वाट तत्काल लागू हुने गरी यो मापदण्ड/संचालन विधीस्वीकृत गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यसको नाम " व्यवसायिक कृषि उत्पादन क्षेत्र सुदृढिकरण कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७९" रहेको छ।

(२) यो प्राविधिक मापदण्ड तथा संचालन विधि मन्त्रालयवाट स्वीकृत भएको मितीवाट लागु हुनेछ।

२. कार्यक्रमको उद्देश्य: बजारमुखि बाली उत्पादन भइरहेको क्षेत्रमा उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न कृषि उत्पादन सामाग्रीहरुको आपुर्ति, सिंचाई सुविधा विस्तार तथा यान्त्रिकरणको गरी कृषि क्षेत्रमा आधुनीकिकरण गर्दै कृषि व्यवसाय प्रबर्द्धनमा योगदान पुर्याउने ।

३. कार्यक्षेत्र : व्यवसायिक कृषि उत्पादन क्षेत्र सुदृढिकरण कार्यक्रमको लागि पहिचान गरीएको क्षेत्रको लागि स्यालो टयुबवेल/पम्पसेट/मोटरतथा अन्य साना सिंचाई सम्बन्धि कार्यहरु र उत्पादनमा यान्त्रिकरणका लागि कृषि मेशिनरी खरिद सम्बन्धि कार्यहरुलाई यस मापदण्ड र संचालन विधिको कार्यक्षेत्र हुनेछ

४. व्यवसायिक कृषि उत्पादन क्षेत्र निर्धारण: (१) यस कार्यक्रम प्रयोजनको लागी व्यवसायिक कृषि उत्पादन क्षेत्र भन्नाले जिल्ला भित्र रहेका वजारमुखि कृषि उत्पादनमा संलग्न कृषक(हरु)को कम्तिमा २ बिग्घा क्षेत्रफल भएको कल्षटरलाई जनाउँनेछ ।

(२) सम्बन्धित ज्ञान केन्द्रले जिल्ला भरिका स्थानीय तहका प्राविधिकहरुलाई कार्यक्रमबारे अभिमुखिकरण गरि त्यस्ता व्यवसायिक कृषि उत्पादन क्षेत्र निर्धारण गर्न सम्बन्धित स्थानीय तहमा पत्राचार गरी बजारमुखी खेति गरिने बालीहरुको वडागत रुपमा क्षेत्रफल, उत्पादन, सिंचाईको सुविधा, यान्त्रिकरणको अवस्था, अन्य उत्पादन सामाग्रीहरुको उपलब्धता, आदीको विस्तृत विवरण माँग गर्नेछ र सो विवरण जिल्ला स्तरीय व्यवसायिक कृषि उत्पादन क्षेत्र निर्धारण समितिमा पेश गर्नेछ।

(३) जिल्ला स्तरीय व्यवसायिक कृषि उत्पादन क्षेत्र निर्धारण समितीको संरचना देहाय वमोजिमको हुनेछ।

(क) प्रमूख, कृषि ज्ञान केन्द्र — संयोजक

(ख) प्रतिनीधि, स्थानीय तहहरुको कृषि प्राविधिक — सदस्य

(ग) कार्यालय प्रमूखले तोकेको अधिकृत — सदस्य सचिव

(४) समितिले आवश्यकता अनुसार तीनजना सम्म प्राविधिक/विशेगज्ञ/प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न वा आवश्यक परामर्श लिन सक्नेछ ।

(५) समितिले यस कार्यक्रम अन्तरगत पहिचान सम्भाव्य व्यवसायिक कृषि उत्पादन क्षेत्रको विस्तृत विवरण सहितको प्रोफाईल तयारी गरी अनिवार्य प्रकाशन गर्नुपर्नेछ ।

(६) कार्यक्रम सचालनको लगि प्रोफायलमा रहेका व्यवसायिक कृषि उत्पादन क्षेत्रहरुको प्राथिमिकिकरण गर्दा सो समितिले विगतमा संघ तथा प्रदेश मातहतका कार्यालयबाट सेवा सुविधा नपाएको तथा नपुगेको क्षेत्रलाई बढी प्राथमिक्ता दिनुपर्ने छ।

५. सूचना प्रकाशनः (१) कार्यक्रम संचालन हुने क्षेत्र तोकि कार्यालयले कम्तीमा १५ दिनको म्याद दिईसूचना प्रकाशन गरी इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीहरुबाट प्रस्ताव माँग गर्नु पर्नेछ।

६. प्रस्ताव मुल्यांकन समितिः (१) कार्यक्रमको उदेश्य अनुसार पेश भएका आयोजना प्रस्तावहरुको मूल्याँकनका लागि देहाय अनुसारका एक प्रस्ताव मुल्यांकन समिती हुनेछ।

(क) कार्यालय प्रमुखले तोकेको अधिकृत — संयोजक

(ख) विशेषज्ञ/प्रसार/अध्ययन, परिक्षण तथा तथ्याङ्क शाखाको प्राविधिक — सदस्य

(ग) कार्यक्रम हेर्ने शाखाको प्राविधिक — सदस्य सचिव

(२) मुल्यांकन समितिले आवश्यकता अनुसार २ जनासम्म प्राविधिक/विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) प्राप्त प्रस्तावाहरुको अपेक्षित उद्देश्य, उपलब्धि, कुल लागत लगायतका पक्षहरु हेरी समग्र मुल्यांकन गरी लाभग्राहीको नामावली अन्तिम स्वीकृतिको लागि कार्यालय प्रमूख समक्ष सिफारिस गर्नेछ।

(४) लाभग्राहीको रुपमा छनौट भएका प्रस्तावदाताहरुको सूची कार्यालयले प्रकाशीत गर्नेछ।

(५) छनौट सूचिमा परेका प्रस्तावदाता/लाभग्राहीलाई कार्यक्रम संचालनको लागि कार्यालयले सम्झौता गरी कार्यदेश दिनेछ।

७. कार्यक्रम संचालन: (१) स्यालो टयुबवेल/पम्पसेट/मोटर तथा अन्य साना सिंचाई सम्बन्धि कार्यहरु श्री भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश (मन्त्रीस्तरीय) निर्णयबाट स्वीकृत भएको स्यालो टयुबवेल/पम्पसेट/मोटर/ईनार कार्यक्रम संचालन विधि, २०७७ बमोजिम संचालन गर्नुपर्नेछ।

(२) यान्त्रिकरणका सम्बन्धि कार्यहरु कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" (मधेश प्रदेश मन्त्रीपरिषद, निर्णय मिती २०७६/०९/१३) तथा श्री भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश (मन्त्रीस्तरीय) निर्णयबाट स्वीकृत भएको कृषि यान्त्रिकरण सम्बन्धि कार्यक्रम संचालन विधि, २०७७ बमोजिम संचालन गर्नुपर्ने छ।

८. अनुदानको अधिकतम सिमाः यस कार्यक्रम अन्तरगतको प्रस्ताव स्विकृत गर्दा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६” मा व्यवस्था भए बमोजिम क्रियाकलाप अनुसार अनुदानको अधिकतम सिमा कायम हुनेछ।

९. आवधिक अनुगमन, पृष्ठपोषण तथा नियमनः (१) मन्त्रालय तथा मन्त्रालय मातहत निर्देशनालय र केन्द्रको टोलीले प्रस्तावित कार्यको नियमित सुपरीवेक्षण तथा अनुगमन गर्नेछ। यस क्रममा देखिएका सुधार गर्नु पर्ने कुराहरु बारे सम्बन्धित पक्षलाइ समयमै जानकारी गराउनु पर्नेछ। अनुगमन, सुपरिपेक्षणवाट आएका सुझाव तथा निर्देशनको पालना गर्नु सम्बन्धित पक्षको कर्तब्य हुनेछ ।

१०. कार्य सम्पादन प्रतिबेदनः (१) अनुदानग्राहीले सम्झौता बमोजिमको कार्य सम्पन्न भएको जानकारी गराएपछि कार्यक्रम संचालन गर्ने निकायले कार्य सम्पादन प्रतिवेदन तयार गर्नु पर्नेछ।